# कर्जा असुली न्यायाधिकरण

## नयाँ बानेश्वर, काठमाडौं

## (स्था. २०८२)

पत्र संख्याः-

चलानी नं.:-

### विज्ञप्ति

सहकारी ऐन, २०७४ को दफा ८२ तथा सहकारी नियमावली, २०७५ को नियम ४२ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०३/१३ गतेको निर्णयअनुसार मिति २०८२/०३/२५ गते स्थापना भई यस न्यायाधिकरणले काठमाडौंको नयाँ बानेश्वरस्थित सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र परिसरबाट नियमित रूपमा कार्य सञ्चालन गर्दै आएको छ।

सहकारी संस्थाहरूको कर्जा असुलीसम्बन्धी मुद्दाको छिटो, छरितो र प्रभावकारी रूपमा कारबाही तथा किनारा गरी सहकारी संस्थाले असुल गर्न नसकेको कर्जा असुलउपर गर्ने उद्देश्यले स्थापित यस न्यायाधिकरणले स्थापनाकालदेखि आज असार २५ गतेसम्म सम्पन्न गरेका कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

| क्र.सं. | विवरण | संख्या | रकम रू. |
|---|---|---|---|
| १ | कर्जा असुलीका लागि सहकारी संघ/संस्थाबाट दर्ता भएका जम्मा मुद्दा | ५८० | |
| २ | दर्ता भएका मुद्दामध्ये फैसला भएका जम्मा मुद्दा | ११७ | |
| ३ | फैसला भएका मुद्दाको कुल ठहर भएको रकम | | २३,५०,६८,४१६ |
| ४ | फैसला भएका मुद्दामध्ये मिलापत्र भएका मुद्दा | २४ | |
| ५ | मिलापत्र भएका मुद्दाबाट असुल उपर भएको रकम | | ७,८१,११,५४३ |
| ६ | कार्यान्वनय भएका जम्मा मुद्दा संख्या | २६ | |
| ७ | कार्यान्वनय भएका जम्मा मुद्दाबाट असुल उपर भएको कुल रकम | | ८,१०,०९,९८७ |

मितिः २०८३/०३/२५

अच्युत श्रेष्ठ
कर्जा असुली अधिकृत/प्रवक्ता